# लैङ्गिक हिंसा निवारण समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि,२०८३

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार,काठमाडौं।

Scanned with CamScanner

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: २७10८३
दर्ता मिति: २०८२/०८/११

# लैङ्गिक हिंसा निवारण समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८३

## प्रस्तावना

लैङ्गिक हिंसालाई प्रभावकारी रूपमा सम्बोधन गर्न, पीडित र प्रभावितको गुणस्तरीय सेवाहरूमा पहुँच सुनिश्चित गर्न तथा लैङ्गिक हिंसा निवारणसँग सम्बन्धित सरोकारवालाको समन्वय तथा सहकार्यलाई सुदृढ गर्न एउटा साझा समितिको रुपमा लैङ्गिक हिंसा निवारण समन्वय समिति गठन गरी समितिको काम, कारवाहीलाई व्यवस्थित र प्रभावकारी तुल्याउनका लागि आवश्यक भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद१-

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :(१) यस कार्यविधिको नाम "**लैङ्गिक हिंसा निवारण समन्वय समिति गठन तथा सञ्चालन कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषा</u> :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले महिला तथा बालबालिका सम्बन्धी विषयक्षेत्र हेर्ने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयलाई सम्झनु पर्छ।

(ग) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्यहरुजस्तै शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार, प्रविधिजन्य हिंसा तथा प्रचलित नेपाल कानुनले लैङ्गिक हिंसा भनी परिभाषित गरेका कार्यसमेत सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले लैङ्गिक हिंसा निवारण समन्वय समिति सम्झनु पर्छ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

(च) "संस्था" भन्नाले लैङ्गिक हिंसा न्यूनीकरणको क्षेत्रमा काम गर्ने प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी सामाजिक संस्था सम्झनु पर्छ।

## परिच्छेद-२

## लैङ्गिक हिंसा निवारण समन्वय समिति सम्बन्धी व्यवस्था

३. <u>समितिको गठन:</u> (१) लैङ्गिक हिंसा निवारण लागि राष्ट्रियस्तरमा देहाय बमोजिम लैङ्गिक हिंसा निवारण समन्वय समिति गठन गरिनेछ।

सचिव



Scanned with CamScanner

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सह-सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सह-सचिव, महिला सशक्तीकरण महाशाखा, मन्त्रालय - सदस्य

(घ) सह-सचिव, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय - सदस्य

(ङ) सह-सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(च) सह-सचिव, भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(छ) प्रदेश सरकार सम्बन्धित विषय हेर्ने प्रदेश मन्त्रालयका सचिवहरू - सदस्य

(ज) सचिव, राष्ट्रिय महिला आयोग - सदस्य

(झ) अध्यक्ष, नगरपालिका संघ - सदस्य

(ञ) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ - सदस्य

(ट) प्रमुख, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक निर्देशनालय, नेपाल प्रहरी - सदस्य

(ठ) प्रतिनिधि, संयूक्त राष्ट्र संघीय निकाय - सदस्य

(ड) प्रतिनिधि, लैङ्गिक हिंसा निवारण तथा प्रतिकार्यका क्षेत्रमा कार्य गर्ने अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरु - सदस्य

(ढ) प्रतिनिधि, अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाको संगठन - सदस्य

(ण) प्रतिनिधि, लैङ्गिक हिंसा निवारण क्षेत्रमा क्रियाशील संस्था वा विज्ञ - सदस्य

(त) प्रमुख, लैङ्गिक हिंसा निवारण शाखा, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम समितिमा सम्बन्धित सरोकारवाला संस्थाका प्रतिनिधि वा विज्ञलाई आवश्यकता अनुसार समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ।

४. <u>समितिको काम, कर्तव्य तथा अधिकार:</u> समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणका लागि देहाय बमोजिमको विषयमा रही कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने,

(१) लैङ्गिक हिंसा रोकथाम र निवारणका लागि सचेतनामूलक कार्यहरु,

(२) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको संरक्षण,

(३) प्रेषण संयन्त्रको स्थापना र सुदृढीकरण,

(४) लैङ्गिक हिंसा पीडितहरुको सशक्तिकरण,



सचिव

(५) मनोसामाजिक तथा कानूनी परामर्श,

(६) सीप विकास सम्बन्धी तालिम कार्यक्रम,

(७) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको सामाजिक पूनर्स्थापना,

(८) पीडित तथा प्रभावितका लागि न्यायमा सहज पहुँचको लागि सहजीकरण तथा समन्यव।

(ख) लैङ्गिक हिंसा निवारणमा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन कार्य गर्ने,

(ग) लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरूलाई सरकारी तथा गैरसरकारी (स्थानीय, प्रादेशिक, राष्ट्रिय) सेवा प्रदायकहरुबाट उपलब्ध सेवासँग जोड्नका लागि प्रेषण प्रणाली (रेफरल पाथवे) कार्यान्वयनमा सहयोग तथा समन्वय गर्ने,

(घ) आश्रय गृह र पुनर्स्थापना केन्द्रहरूको सेवा प्रदान गर्ने संघ संस्थाको लागि निर्देशिका/ सन्चालन कार्यविधिमा कार्यान्वयनमा सहजीकरण गर्ने,

(ङ) सरकारी र गैरसरकारी सेवा प्रदायक संस्थाहरु (एकद्वार संकट व्यवस्थापन केन्द्र, आश्रय गृह र पुनर्स्थापना केन्द्रहरू सहित)का कर्मचारीहरूको लागि सुरक्षा प्रोटोकल कार्यान्वयनमा सहजीकरण गर्ने,

(च) लैङ्गिक हिंसा निवारणमा काम गर्ने संस्थाहरूको लागि आचार संहिता लागु गरी कार्यान्वयनमा सहजीकरण गर्ने,

(छ) नेपाल सरकारद्वारा जारी गरिएको लैङ्गिक हिंसालाई निवारण गर्ने नीति तथा योजनाको कार्यान्वयनमा सहजीकरण र समन्वय गर्ने,

(ज) लैङ्गिक हिंसालाई निवारण गर्न नयाँ रणनीतिहरू पहिचान गर्ने,

(झ) लैङ्गिक हिंसा रोकथाम र निवारण सम्बन्धी क्षमता अभिवृद्धिका लागि आवश्यक सहजीकरण गर्ने,

(ञ) लैङ्गिक हिंसाका नयाँ स्वरुपहरुको सम्बन्धमा अध्ययन विश्लेषण गरी सो को निरोपणका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) समितिले आवश्यकता अनुसार उपसमिति गठन गरी आफ्नो कार्य क्षेत्रभित्रका कामहरू कार्यान्वयन गर्ने जिम्मेवारी उपसमितिलाई प्रदान गर्न सक्नेछ ।

५. समितिको बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा अवश्यकता अनुसार बस्नेछ।

सचिव



Scanned with CamScanner

(२) समितिको बैठक बस्ने दुई दिन अगावै समितिको सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्छ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(५) समितिको बैठक एक आर्थिक वर्षमा कम्तिमा दुई पटक बस्नेछ।

(६) समितिको सचिवालय महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयमा रहनेछ।

## परिच्छेद-३

## प्रादेशिक लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्य समिति सम्बन्धी व्यवस्था

६. **समितिको गठन:** लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यसँग सम्बन्धित सरोकारवालाबीच समन्वयात्मक र सहकार्यको लागि प्रत्येक प्रदेशमा सम्वन्धित विषय क्षेत्र हेर्ने मन्त्रालयको सचिवको संयोजकत्वमा आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।

७. **समितिको काम, कर्तव्य तथा अधिकार:** प्रदेश स्तरीय लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य समन्वय समितिको काम, कर्तव्य तथा अधिकार समितिले आफै निर्धारण गर्नेछ ।

८. **समितिको बैठक सम्बन्धि कार्यविधि** : प्रदेश स्तरीय लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य समन्वय समितिको बैठक र सम्बन्धी कार्यविधि समितिले आफै निर्धारण गर्नेछ ।

## परिच्छेद-४

## विविध

९. **कार्यविधि संशोधन:** मन्त्रालयले यस कार्यविधिमा आवश्यकतानुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

१०. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधीको कार्यान्वयनको क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा वा बाधा अड्काउ आई परेमा कार्यविधिको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा रहनेछ ।

सचिव



Scanned with CamScanner